# लोक सेवा आयोग
# बागलुङ कार्यालय
## बागलुङ

फोन नं. : ०६८-५२२६४७, ५२०१४७ Website: www.psc.gov.np Email: baglung@psc.gov.np

## नायब सुब्बा वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना !!!

**सूचना नं. ०८/२०८०/०८१, मिति: २०८०/०४/१८ गते**

लोक सेवा आयोग, पोखरा कार्यालय, पोखराको विज्ञापन नं. १२८५१-१२८५६/२०७९-०८० (खुला र समावेशी) न्याय र प्रशासन सेवाको संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत राजपत्र अनङ्कित प्रथम श्रेणी (अप्राविधिक) **नायब सुब्बा वा सो सरह पदमा परीक्षा केन्द्र बागलुङ राखी Online दरखास्त फाराम स्वीकृत** भएका सम्पूर्ण उम्मेदवारहरूको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने/गराउने गरी तपसिलको मिति, समय र स्थान **(परीक्षा केन्द्र)** मा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। **साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरू हुने मितिभन्दा १० दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू तल द्रष्टव्य १ र २ मा उल्लेख गरिएको छ।**

### परीक्षा कार्यक्रम

| क्र.सं. | विषय | परीक्षा मिति, समय र अवधि | रोल नं. | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|
| १ | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | २०८०/०५/०२ गते<br>बिहान ११:०० बजे<br>अबधि: **४५ मिनेट** | ५१०००१ देखि ५१०२२० सम्म | २२० | **धवलागिरि बहुमुखी क्याम्पस बागलुङ केन्द्र "क"** |
| | | | ५१०२२१ देखि माथिका बाँकी सबै उम्मेदवारहरू | | **धवलागिरि बहुमुखी क्याम्पस बागलुङ केन्द्र "ख"** |

**द्रष्टव्य-१**

१) आयोगको पूर्व सूचना बिना पूर्व निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
२) **प्रवेश-पत्र बिना** कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । साथै, परीक्षार्थीले प्रवेश-पत्रको साथै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कल प्रमाणपत्र/परिचयपत्र लिई उपस्थित हुनु पर्नेछ ।
३) परीक्षा शुरू हुने समयभन्दा **एक घण्टा अगावै** परीक्षा केन्द्रमा उपस्थित भई सक्नु पर्नेछ ।
४) परीक्षा भवनमा मोबाईल लगायत अन्य विद्युतीय सामाग्री निषेध गरिएको छ ।
५) परीक्षामा **कालो मसी** मात्रै प्रयोग गर्नु पर्नेछ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाईने छैन ।
६) परीक्षार्थीलाई तोकिएको केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।
७) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई सकेपछि मात्र परीक्षा भवनबाट बाहिर जान पाईने छ ।
८) परीक्षार्थीले नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

**द्रष्टव्य-२**

संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) अनुसार परीक्षार्थीहरूले देहाय बमोजिमका कुराहरू अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।
१) परीक्षा केन्द्रमा प्रवेश गर्दा उम्मेदवारले मास्क लगाउनुका साथै आफ्नो लागि मास्क, स्यानिटाइजर र खानेपानी आफै व्यवस्था गर्नु पर्नेछ ।
२) परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय प्रयोग गर्दा र परीक्षा केन्द्रबाट बाहिर निस्कदा एक आपसमा दुई मिटरको दुरी कायम गर्नु पर्नेछ ।
३) परीक्षा केन्द्रमा खटिएका कर्मचारीहरूले दिएको निर्देशन पूर्ण रूपमा पालना गर्नु पर्नेछ ।
४) कोभिड-१९ बाट संक्रमित उम्मेदवारहरूका लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीहरूले परीक्षा सञ्चालन हुने **मितिभन्दा दुई दिन अगावै** फोन नं. ०६८-५२२६४७, ९८५७६२३१४७ मा सम्पर्क गरी आफ्नो विवरण टिपाउनु पर्नेछ ।

| ............................ | ............................ | ............................ |
|---|---|---|
| **पिताम्बर बिरकट्टा** | **गोपालप्रसाद बराल** | **खड्क बहादुर रोकाया** |
| **(कम्प्यूटर अपरेटर)** | **(नायब सुब्बा)** | **(शाखा अधिकृत)** |